# अन्तःशुल्क नियमावली, २०५९ को नियम ३० (२क) को अधिकार प्रयोग गरी जारी गरिएको सूर्तीजन्य पदार्थ (चुरोट/बिंडी बाहेक) मा अन्तःशुल्क टिकट टाँस गर्ने सम्वन्धी कार्यविधि, २०७०

## १. परिभाषा

अन्तःशुल्क ऐन २०५८ को दफा २ (ज१) बमोजिम "सूर्तीजन्य वस्तु" भन्नाले सूर्ती वा सूर्तीजन्य पदार्थका तत्वहरु मिश्रित धुम्रपान, चपाउने, मुखमा राख्ने पानपराग, खैनी वा यस्तै पदार्थहरु सम्झनु पर्दछ र सो शब्दले चुरोट, बिडी, सिगार आदिलाई समेत जनाउँछ ।

## २. सूर्तीजन्य वस्तुको कारोवार गर्न इजाजत लिनु पर्ने

सूर्तीजन्य वस्तु उत्पादन, खरीद विक्री, पैठारी तथा निर्यात र संचय गर्न चाहने व्यक्तिले अन्तःशुल्क ऐन, २०५८ तथा अन्तःशुल्क नियमावली, २०५९ ले तोकेको प्रकृया पुरा गरी अन्तःशुल्क इजाजतपत्र लिनु पर्दछ । इजाजतपत्र प्रत्येक वर्ष नविकरण गर्नु पर्दछ ।

## ३. निम्न बस्तुमा अन्तःशुल्क टिकट लगाउनु पर्दछ :-

३.१. सूर्ती (चूना मिलाई खाने प्याक गरेको र चूना मिश्रण भै सकेको तयारी सूर्ती)
३.२. सूर्तीबाट तयार भएका सवै प्रकारको जर्दा र खैनी,
३.३. सूर्ती मिश्रण भएका पान मसलाहरु र यस्तै अन्य पदार्थहरु (गुट्खा,पानपराग आदि)

## ४. अन्तःशुल्क टिकट लगाउने तरिका :-

उत्पादक वा पैठारी कर्ताले आफूले उत्पादन गरेको वा पैठारी गरेको वस्तु प्याकिङ्ग गर्ने बाहिरी आउटर (पोका) वनाउनु पर्दछ । उक्त पोकामा सूर्तीजन्य वस्तु र प्याकिड मेटेरियल समेतको कुल तौल (Gross Weight) खैनी वा चूना मिलाई खाने प्याकिङ्ग गरिएको सूर्तीमा ४०० ग्राम र गुट्खा/पानपराग /पान मसलामा १५० ग्राम हुने गरी बस्तु प्याकिङ्ग गरिएको हुनु पर्नेछ । विभागले यस भन्दा फरक तौलमा पनि उत्पादन गर्न वा प्याकिङ्ग गर्न अनुमती दिन सक्नेछ ।

### ४.१. खैनी/ चूना मिलाई खाने प्याकिङ्ग गरिएको सूर्तीमा :-

४०० ग्राम कूल तौल (Gross Weight) भएको हरेक आउटरको सामान राख्ने तथा खोल्ने स्थानमा विभागले उपलब्ध गराएको एउटा अन्तःशुल्क टिकट टाँस गर्नु पर्नेछ । उक्त आउटर खोल्दा लगाएको अन्तःशुल्क टिकट च्यातिने गरी लगाउनु पर्दछ ।

### ४.२. गुट्खामा :-

१५० ग्राम कूल तौल (Gross Weight) भएको हरेक आउटरको गुट्खा/पानपराग/पान मसला राख्ने तथा खोल्ने स्थानमा विभागले उपलब्ध गराएको एउटा अन्तःशुल्क टिकट टाँस गर्नु पर्नेछ । उक्त आउटर खोल्दा लगाएको अन्तःशुल्क टिकट च्यातिने गरी लगाउनु पर्दछ ।

**५. पाउच/आउटर/ ओसार पसारमा प्रयोगका लागि प्याकिङ गर्ने बोरामा वा कार्टुनको बाहिरी भागमा निम्न विवरणहरु खुलाउनु पर्नेछ :-**

**५.१ पाउचमाः**

५.१.१ सामानको उत्पादन मिति, व्याच नम्बर, सिलसिलेवार नम्बर, इजाजतपत्रवाला उत्पादक वा पैठारीकर्ताको नाम ,ठेगाना, ट्रेडमार्क (ब्रान्ड नाम) र वस्तुको कूल तौल ।

५.१.२ नेपाल भित्र उत्पादन हुने वा पैठारी गरी बिक्री बितरण गरिने सूर्तीजन्य पदार्थको प्रत्येक पाउचमा देवनागरी लिपीमा (**सूर्तिजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ** ) भनी मुद्रण गरिएको हुनुपर्ने छ ।

५.१.३ अधिकतम खुद्रा मूल्य खुलाउनु पर्नेछ ।

५.१.४ यस व्यवस्थाको उल्लंघन गरेमा अनुमति पत्रको सर्त उल्लंघन गरेको मानिनेछ ।

**५.२ आउटरमाः**

५.२.१ सामानको उत्पादन मिति, व्याच नम्बर, इजाजतपत्रवाला उत्पादक वा पैठारीकर्ताको नाम ,ठेगाना, ट्रेडमार्क (ब्रान्ड नाम) र वस्तुको कूल तौल ।

५.२.२ नेपाल भित्र उत्पादन हुने वा पैठारी गरी बिक्री बितरण गर्ने सूर्तीजन्य पदार्थको प्रत्येक आउटरमा देवनागरी लिपीमा (**सूर्तिजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक छ** ) भनी मुद्रण गरिएको हुनुपर्ने छ ।

५.२.३ आउटरको अधिकतम खुद्रा मूल्य खुलाउनु पर्नेछ ।

५.२.४ यस व्यवस्थाको उल्लंघन गरेमा अनुमति पत्रको सर्त उल्लंघन गरेको मानिनेछ ।

**५.३ ओसार पसारमा प्रयोगका लागि प्याकिङ गर्ने बोरामा वा कार्टुनमा**

५.३.१ उद्योगको नाम, ठेगाना, ट्रेडमार्क तथा वस्तुको कुल तौल प्रिन्ट भएको हुनु पर्दछ ।

**६. अन्तःशुल्क टिकट लगाउने स्थान र समय**

६.१ उद्योगले कारखानावाट तयारी पदार्थ निश्कासन गर्नु अगावै अन्तःशुल्क टिकट लगाउनु पर्दछ ।

६.२ पैठारीकर्ताले पैठारी गरी गोदाममा भण्डारण गरे पश्चात अन्तःशुल्क टिकट लगाउनु पर्दछ ।

**७. अन्तःशुल्क टिकटको प्राप्ती र प्रतिस्थापन व्यवस्था**

खैनी, गुट्खा तथा पान मसला उत्पादन गर्ने प्रतिष्ठान तथा पैठारीकर्ताले तोकिएको रकम राजस्व दाखिला गरे पश्चात निजलाई सम्वन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयले माग अनुसारको टिकट उपलब्ध गराउने छ । अन्तःशुल्क टिकट प्रयोग गर्ने सिलसिलामा च्यातिएमा, विग्रीएमा वा कम भएमा अन्तःशुल्क अधिकृत वा कारखानामा खटिएका कर्मचारीले भौतिक परीक्षण गरी प्रमाणित गरेको आधारमा कार्यालयले सोही संख्यामा त्यस्ता अन्तःशुल्क टिकट प्रतिस्थापन गर्न सक्नेछ । मुचुल्काको आधारमा विभागले तोकेको प्रकृया अनुसार सम्वन्धित कार्यालयले त्यसरी च्यातिएका वा विग्रिएका टिकट नष्ट गर्नु पर्नेछ ।

## ८. निर्यातकर्ताको लागि अन्तःशुल्क टिकट सम्बन्धी व्यवस्था

निर्यात गर्ने उद्योगले प्रत्येक पाउच र वाहिरी आउटर (पोका) मा (For Export Only) भन्ने वाक्यांश स्पष्ट देखिने गरी लेख्नु पर्नेछ । निर्यात हुने वस्तुहरुमा अन्तःशुल्क टिकट टाँस गर्नु पर्ने छैन । तर यस्तो वस्तु मनासिव माफिकको कारण वेगर निर्यात गरेको नपाइएमा त्यस्तो वस्तुमा अन्तःशुल्क निर्धारण गरी लाग्ने अन्तःशुल्क तथा विलम्व दस्तुर असुल गरी अन्तःशुल्क दवाए छिपाएको वा छलेको कसुर मानी कारवाही हुनेछ ।

## ९. सूर्तिजन्य पदार्थ उत्पादन गर्न नयाँ इजाजत लिनु अगाडि र इजाजत लिइसकेका उद्योगको हकमा आ.व.२०७०।७१ मा नविकरण गर्नु अगावै देहाय बमोजिमका शर्तहरु पूरा गरेको हुनु पर्दछ :-

(क) कारखाना भबन पक्की हुनुपर्ने ।
(ख) कारखाना परिसरमा कम्पाउण्डवाल लगाइएको हुनुपर्ने ।
(ग) मील मेशिनरी जडान भएको हुनुपर्ने ।
(घ) कच्चा पदार्थ, अर्ध तयारी, तयारी बस्तु तथा उत्पादन स्थल छुट्टा छुट्टै कोठामा हुनुपर्ने ।
(ङ) उत्पादन प्रक्रिया स्थल र कच्चा पदार्थ एबं तयारी पदार्थ राख्ने ठाउँ अलग अलग व्यवस्था गरिएको हुनुपर्ने ।
(च) कारखानाको मूल ढोकामा साँचो ताल्चा लगाउने प्रबन्ध मिलाइएको हुनुपर्ने ।
(छ) उत्पादन स्थलमा अनधिकृत व्यक्ति जान नमिल्ने व्यवस्था गरिएको हुनुपर्ने ।
(ज) बस्तु उत्पादन गर्न र निष्कासन गर्नको लागि छुट्टा छुट्टै स्थानको व्यवस्था मिलाइएको हुनुपर्ने ।
(झ) उद्योग परिसरमा यात्रुवाहक एवं मालवाहक सवारी साधन पुग्ने बाटो, विजुली र पानीको व्यवस्था भएको हुनुपर्ने ।
(ञ) अन्तःशुल्क कर्मचारी बस्नको लागी फर्निचर सहितको घर वा कोठा छुट्टयाइएको हुनुपर्ने ।
(ट) अन्तःशुल्क, आयकर, मूल्य अभिबुद्धि कर लगायतका सबै प्रकारका कर शुल्क दस्तुर आदि चुक्ता गरेको हुनपर्ने ।

## १०. ब्राण्डको इजाजत संबन्धी व्यवस्था

(क) सूर्तिजन्य पदार्थको कुनै पनि बस्तु स्विकृत ब्रान्ड विना उत्पादन गर्न तथा विकी वितरण गर्न पाइने छैन । नयाँ व्राण्ड उत्पादन गर्न वा व्राण्ड परिवर्तन गर्न चाहेमा ब्रान्ड दर्ता गर्न उद्योग विभागमा निवेदन दिई त्यस्तो ब्राण्डको ट्रेडमार्क दर्ता गर्न दावि विरोधको लागि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्ने निर्णयको जानाकारी प्राप्त भए पछि वा उद्योग विभागमा दर्ता गरे पछि मात्र उत्पादन गर्न विभाग समक्ष अनुमति माग गर्नु पर्नेछ ।
औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशित गरेको मितिले एक वर्ष भित्र ट्रेडमार्क (ब्रान्ड नेम) दर्ता प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

(ख) ऐन अनुसार उत्पादकले कुनै नयाँ व्राण्डको उत्पादन गर्ने स्वीकृति माग गर्नु अघि बुझाउनु पर्ने वा वुझाउन वाँकी राजस्व रकमहरु चुक्ता गरेको प्रमाण पेश गरिसके पछि मात्र नयाँ व्राण्डको उत्पादन गर्ने स्वीकृति प्रदान गर्नु पर्दछ ।

(ग) नयाँ ब्राण्ड उत्पादन गर्नु अघि विभागबाट परिक्षण उत्पादनको स्विकृति लिनु पर्नेछ । व्यवसायिक उत्पादन गर्नु अगावै परिक्षण उत्पादन गरेको सूर्तिजन्य पदार्थको ब्राण्ड अनुसारको उत्पादनलाई परिक्षणको लागि बिभागमा पठाउनु पर्दछ ।

(घ) उत्पादित नमूना बिक्री योग्य भएमा बजारमा बिक्री बितरण गर्न पाउने गरी व्यावसायिक उत्पादनकको लागि विभागले स्विकृति दिनेछ ।

## ११. निर्यात सम्बन्धी व्यवस्था

११.१. उद्योगले वस्तु निर्यातको लागि सम्वन्धित आन्तरिक राजस्व/करदाता सेवा कार्यालयमा निबेदन दिनुपर्नेछ,

११.२. उक्त निवेदनमा निम्न कुराहरु खुलाउनुपर्नेछ,

(क) कुन भन्सार विन्दुवाट निर्यात गर्ने,

(ख) निर्यात गरिने वस्तुको परिमाण, विक्री मूल्य र अन्तःशुल्क रकम,

(ग) निर्यात गरी सक्ने अवधि ।

११.३. उक्त निवेदनका साथ निम्नानुसारका कागजात पेश गनुपर्ने ।

(क) निर्यातकर्ता र आयातकर्ता वीचको खरिद विक्री संझौता,

(ख) निर्यातको लागि खोलिएको एल.सी.को प्रतिलिपि वा भुक्तानीको तरिका खुल्ने कागजात ।

११.४. अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको रोहवरमा सूर्तिजन्य पदार्थ लोड गरी कन्टेनरमा सिलछाप गरी सोको जानकारी सम्बन्धित भन्सार कार्यालयलाई दिनुपर्नेछ ।

११.५. करदाताले निर्यात गरेको वस्तुको निकासी प्रज्ञापन पत्रको प्रतिलिपि सहित ३ दिनभित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

११.६. निर्यात गर्नु गराउनु पूर्व उद्योगले तिर्नुपर्ने अन्तःशुल्क, मूल्य अभिबृद्धि कर तथा आयकर बाँकी बक्यौता नरहेको हुनुपर्नेछ ।

११.७. निर्यातको लागि उद्योगवाट निष्काशन गरेको वस्तु मनासिव कारण वेगर निर्यात गरेको नपाइएमा त्यस्तो वस्तुमा अन्तःशुल्क निर्धारण गरी लाग्ने अन्तःशुल्क तथा विलम्व दस्तुर असुल गरी अन्तःशुल्क दवाए छिपाएको वा छलेको कसुर मानी कारवाही हुनेछ ।

११.८. निर्यात हुने माल वस्तुको पाउच/पोका वा लेवलमा **निकासीको लागि मात्र** (For Export Only) भन्ने वाक्यांश लेखिएको हुनुपर्नेछ ।

## १२. खैनी, गुट्खा तथा पान मसला उत्पादन गर्नेले राख्नु पर्ने अभिलेख :

**सूर्तिजन्य वस्तुको उत्पादक तथा पैठारीकर्ताले अन्तःशुल्क निर्देशिका, २०६८ मा उल्लेखित देहाय बमोजिम कागजात र विवरणको अभिलेख राख्नु पर्नेछ :-**

(क) खरीद खाता ( अनुसूचि ४ग),

(ख) विकी खाता ( अनुसूचि ४घ),

(ग) अन्तःशुल्क विवरण फाराम ( अनुसूचि ४ ङ),

(घ) कर विजकको ढाँचा (अनुसुचि १३),

(ङ) कच्चा पदार्थको आम्दानी तथा खर्च खाताको ढाँचा (अनुसुचि १४),

(च) निकासी माग निवेदन (अनुसुचि १६),

(छ) तैयारी सामानको आम्दानी तथा विक्री (निष्कासन) खाता (अनुसुचि १९),

(ज) अन्तःशुल्क टिकट र अन्तःशुल्क टिकट लकको आम्दानी खर्चको व्यक्तिगत खाता (अनुसुचि २६क),

(झ) अन्तःशुल्क टिकट लक (साचो) को प्रयोग रेकर्ड खाता (अनुसुचि २६ख),

(ञ) उत्पादन तथा निष्कासनको मास्केवारी/वार्षिक प्रतिवेदन (अनुसुचि २७),

(ट) कच्चा पदार्थको मास्केवारी/वार्षिक प्रतिवेदन (अनुसुचि २८),

(ठ) आफुले जारी गरेका तथा प्राप्त गरेका बिजकहरु,

(ड) व्यापार, लेखा, नगद प्राप्ती र भुक्तानी सम्बन्धी अभिलेख,

(ढ) आफुले गरेको आयात र निर्यातसंग सम्बन्धित सम्पूर्ण कागजातहरु,

(ण) विभागले तोकेका अन्य कागजातहरु ।

## १३. अन्तःशुल्क टिकट लागू हुने मितिमा मौज्दात रहेको तयारी पदार्थको घोषणा

सूर्तिजन्य पदार्थका उत्पादक तथा आयातकर्ताले अन्तःशुल्क टिकट लागू भएको ७ दिन भित्र र विक्रेताले १५ दिन भित्र आफुसंग मौज्दातमा रहेको यस्तो पदार्थको मौज्दात सम्बन्धी निम्न विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

| सि.नं. | उत्पादक /आयातकर्ता /बिक्रेताको नाम ठेगाना | बस्तुको नाम | मौज्दात परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

सूर्तिजन्य पदार्थका उत्पादक तथा आयातकर्ताले मिति २०७०।०२।०१ गते पछि अन्तःशुल्क टिकट टाँस गरेर मात्र बस्तु निश्कासन तथा विक्री गर्नु पर्नेछ । उत्पादक तथा पैठारीकर्ता वाहेक अन्य विक्रेताले आफुसंग रहेका अन्तःशुल्क टिकट नलागेका वस्तुहरु मिति २०७० साल असार मसान्त सम्म विक्री गरी सक्नुपर्नेछ ।

## १४. अन्तःशुल्क टिकट लागू हुने मिति र मौज्दातमा रहेका माल वस्तुको विक्री तथा टिकट सम्बन्धी व्यवस्था

१४.१ सूर्तिजन्य पदार्थ (चुरोट/बिंडी बाहेक) मा मिति २०७०।०२।०१ गते देखि अन्तःशुल्क टिकट लगाएर मात्र विक्री वितरण गर्नु पर्नेछ ।

१४.२ हाल बजारमा रहेका अन्तःशुल्क टिकट नलागेका वस्तुहरु मिति २०७० साल असार मसान्त सम्म विक्री गरी सक्नुपर्नेछ । उक्त अवधि सम्म विक्री नभई मौज्दातमा रहेको सामान सम्बन्धित उत्पादक वा पैठारीकर्ताकोमा फिर्ता गरी अभिलेख राख्नु पर्नेछ । त्यस्ता वस्तुमा उत्पादक वा पैठारीकर्ताले नियमानुसार अन्तःशुल्क टिकट टाँस गरी विक्री गर्नु पर्ने छ । सो मिति पछी अन्तःशुल्क टिकट नलागेका बस्तु विक्री वितरण गर्न पाइने छैन । अन्तःशुल्क टिकट टाँस नगरी विक्री भएको सूर्तिजन्य पदार्थ अवैध हुनेछ ।

## १५. अनुगमन

आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुले सूर्तिजन्य पदार्थ विक्री वितरणको प्रभावकारी रुपमा अनुगमन गरी सो को अभिलेख राख्नु पर्ने छ । अनुगमन गर्दा सूर्तिजन्य पदार्थमा अन्तःशुल्क टिकट टाँस भए नभएको एकिन गर्नुको साथै कार्यविधिमा खुलाउनु पर्ने भनी तोकिएको अन्य विषयहरुको पालना भए नभएको अनुगमन गरी नखुलाएको पाइएमा यस कार्यविधिको व्यवस्था पालना नगर्ने लाई अन्तशुल्क ऐन नियम बमोजिम कारवाही गर्नु पर्नेछ ।

## १६. विविध

१६.१ अन्तःशुल्क प्रयोजनको लागि पानमसाला, जर्दा, खैनीको तौल लेवुल, प्याकिङ्ग मेटेरियल्स, चुना आदि समेतको हुने तौल (Gross Weight) लाई जनाउँदछ ।

१६.२ यस कार्यविधिमा लेखीएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु अन्तःशुल्क निर्देशिका, २०६८ बमोजिम हुनेछ ।